# पुतलीबजार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
स्याङ्‌जा

गण्डकी प्रदेश,नेपाल पुतलीबजार ,स्याङ्जा


प.सं.:
च.नं.: ३२२८

मिति: २०७७/०३/०५

श्री सामुदायिक र संस्थागत विद्यालयहरु
पुतलीबजार नगरपालिका ,
स्याङजा ।

**विषय: वैकल्पिक प्रणालीबाट विद्यार्थीहरुको सिकाइ सहजीकरण गर्ने गराउने सम्वन्धमा।**

प्रस्तुत विषयमा (COVID 19)कोरोना भाइरसको संक्रमणको कारण सम्पूर्ण विद्यालयहरुको पठनपाठन प्रभावित भएकोले सिकाइ प्रणालीलाई निरन्तरता दिने उदेश्यले विज्ञान तथा प्रविधि मन्त्रालयले वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाई सहजीकरण निर्देशिका २०७७ जारी गरेको कुरा सबैमा विदितै छ ,उक्त निर्देशिकाले निर्दिष्ट गरे अनुरुप विद्यार्थी सिकाईमा सहजीकरण गर्न देहाय अनुसार गर्नु गराउनु हुन यस नगरस्थित सम्पूर्ण विद्यालयहरुलाई अनुरोध गरिन्छ ।

**तपसिल**

१) आफनो विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको कक्षा यकिन गरी सो को अभिलेख राखी पाठ्यपुस्तक उपलब्ध गराउने ।

२) अभिभावक शिक्षाका माध्यमबाट अभिभावकहरुलाई बालवालिकाको सिकाईलाई उत्प्रेरकको भूमिका निर्वाह गर्न प्रोत्साहन गर्ने ।

३) शिक्षक स्टाफ बैठक गरी विषयगत शिक्षण सिकाई कार्य योजना तयार गरी विद्यार्थी समक्ष पुर्‍याउने ।

४) वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका २०७७ अनुरुप गर्ने गराउने ।

५ विद्यार्थीहरुलाई स्वाध्यन सामग्री, गृहकार्य तयारी ,परियोजना कार्य ,हेन्स आउट तयार गरी पठाउने र पढ्न लगाउने तथा सोको आधारमा मुल्यांकन गर्ने ।

६) नगरपालिकाभित्रका शिक्षकहरुद्धारा तयार गरिएका सिकाई सामग्रीलाई नगरपालिकामा पेश गर्न लगाउने र अन्य विद्यालयहरुमा समेत प्रयोग गर्ने व्यवस्था मिलाउने ।

........ २०७७।०३।०५

बलराम दोरंगा
शिक्षा शाखा प्रमुख


पुतलीबजार नगरपालिका वडा नं. १, **गण्डकी प्रदेश** प्रदेश, नेपाल, फोन नं. :०६३-४२०४०८
E-mail:info@putalibazarmun.gov.np, putalibazarmun@gmail.com, Website : www.putalibazarmun.gov.np